प्रति साधारण शेयर रू.१००/- अंकित
दरको ५,४६,१९२.५ कित्ता
हकप्रद साधारण शेयरको निष्काशन

दरखास्तसाथ भुक्तानी गर्नुपर्ने
रु.१००/- प्रति शेयरको दरले

तिनाउ विकास बैंक लिमिटेड
Tinau Development Bank Limited

नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजत प्राप्त संस्था
केन्द्रीय कार्यालयः बुटवल-८, रुपन्देही
फोन नं. ०७१-५४५२०५/५४५५७६ फ्याक्सः ०७१-५४२८१२
E-mail: info@tinaubank.com Website: tinaubank.com
को

हकप्रद शेयरको बिक्री खुल्ला अवधिः
निष्काशन खुल्ला मितिः २०७२/११/२८ गते
निष्काशन बन्द हुने मितिः २०७३/०१/०२ गते
(बैंकिंग समय पश्चात्)

४ कित्ता साधारण शेयर बराबर नयाँ १ कित्ता साधारण शेयरको
हकप्रद निष्काशन (Rights Issue) सम्बन्धी सूचना

विकास बैंकको विद्यमान रु.२१ करोड ८४ लाख ७७ हजार चुक्ता पूँजीमा ४ शेयर बराबर १ (४ : १) शेयरको अनुपातमा रु.१००/- अंकित दरका ५,४६,१९२.५ कित्ता हकप्रद शेयर मिति २०७२/११/१४ गतेसम्म नेपाल स्टक एक्सचेन्ज लि. मा कारोबार भई कायम साविक शेयरधनीहरुको लागि निष्कासन गर्नको लागि प्रकाशित गरिएको।

हकप्रद शेयर निष्काशन सम्बन्धमा सामान्य जानकारी

१. संगठित संस्थाको नाम : तिनाउ विकास बैंक लिमिटेड (Tinau Develpment Bank Ltd.)।

२. संगठित संस्थाको रजिष्टर्ड कार्यालय : यस विकास बैंकको रजिष्टर्ड (केन्द्रीय) कार्यालय लुम्बिनी अञ्चल, रुपन्देही जिल्ला, बुटवल उप-महानगरपालिका, वडा नं. ८ मा रहेको छ।

३. कारोवार स्थान :

यस विकास बैंकको कारोबार गर्ने मुख्य स्थान रुपन्देही जिल्ला, बुटवल उप-महानगरपालिका वडा नं. ८ रहेको छ र शाखा कार्यालयहरू संगमपथ बुटवल, नारायणगढ चितवन, कोटिहवा रुपन्देही, भलुहि रुपन्देही, अमरापुरी नवलपरासी, जिमिरेभार नवलपरासी, रामापुर कलौनी रुपन्देही, छपिया रुपन्देही, मंगलपुर चितवन, ज्यामिरे चितवनमा रहेका छन्।

४. संगठित संस्थाको संक्षिप्त परिचय र उद्देश्य :

१) **कम्पनीको संक्षिप्त परिचयः** तिनाउ विकास बैंक लिमिटेड, कम्पनी ऐन, २०६३ बमोजिम २०६२/११/१६ गते कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएको हो। यस विकास बैंकले नेपाल राष्ट्र बैंक ऐन, २०५८, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ कम्पनी ऐन, २०६३ तथा अन्य प्रचलित कानूनको अधिनमा रहको र विकास बैंकको रुपमा २०६३/०७/०३ गते वित्तीय कारोवार गर्न स्वीकृत प्राप्त गरी मिति २०६३/०७/१५ गतेदेखि वित्तीय कारोवार प्रारम्भ गरेको हो। यस विकास बैंकका प्रवर्द्धकहरू तथा हालका संस्थापकहरू लामो समयसम्म बैंक तथा वित्तीय संस्था संचालन सम्बन्धी अनुभव प्राप्त व्यक्तिहरू रहनु भएको छ।

२) **कम्पनीको उद्देश्यः** नेपाल राष्ट्र बैंक ऐन, २०५८ प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३, कम्पनी ऐन, २०६३ तथा अन्य प्रचलित कानूनको अधीनमा रही वित्तीय कारोवार (वित्तीय व्यवसाय) गर्ने यस विकास बैंकको मुख्य उद्देश्य देहाय बमोजिम हुनेछ :

- क) विकास बैंकका निक्षेपकर्ता तथा शेयरधनीको हक हितको संरक्षण र सम्बर्द्धन गर्दै सर्वसाधारणलाई गुणस्तरीय तथा भरपर्दो वित्तीय सेवा उपलब्ध गराउने,
- ख) कृषि, उद्योग, सेवा, व्यापार तथा अन्य व्यवसायिक रुपले सम्भाव्य देखिएका उत्पादनशील व्यवसायको स्थापना, विकास, विस्तार र क्षमता एवम् उत्पादकत्व बृद्धिका लागि आवश्यक वित्तीय साधन आन्तरिक तथा बाह्य स्रोतबाट जुटाई कर्जा प्रवाह गरि देशको औद्योगिक, व्यापारिक एवं कृषि क्षेत्रको विकासमा गतिशीलता ल्याउन सहयोग पुर्‍याउने,
- ग) उपलब्ध सीप, श्रम तथा पूँजीलाई उचित परिचालन गरी ग्रामीण तथा शहरी क्षेत्रमा उत्पादन एवम् रोजगारीमूलक व्यवसायको स्थापना, संचालन, विकास, विस्तार एवम् प्रवर्धन गर्ने र सो कार्यको लागि आवश्यक वित्तीय साधन, प्राविधिक तथा व्यवस्थापकीय परामर्श सेवा, तालिम तथा प्रविधि उपलब्ध गराई गरिवी निवारणका लागि सक्रिय रुपमा संलग्न भई सहयोग पुर्‍याउने,
- घ) मुलुकमा छरिएर रहेको पूँजीलाई एकीकृत गरी संस्थागत लगानी तथा स्वस्थ प्रतिस्पर्धाको माध्यमबाट वित्तीय मध्यस्थताको सेवा उपलब्ध गराउने।

५. शेयर पूँजीको संरचना :

क) अधिकृत पूँजी : यस विकास बैंकको अधिकृत पूँजी रू.६०,००,००,०००/- (साठी करोड मात्र) हुनेछ। सो पूँजीलाई प्रतिशेयर रू.१००/- अंकित मूल्यका दरले ६०,००,००० (साठी लाख) कित्ता साधारण शेयरमा विभाजन गरिएको छ।

ख) जारी पूँजी : यस विकास बैंकको जारी शेयर पूँजी रू.२७,३०,९६,२५०/- (सत्ताइस करोड तीस लाख छयानब्बे हजार दुईसय पचास मात्र) रहनेछ, जसलाई प्रति शेयर रू.१००/- अंकित मूल्यका दरले २७,३०,९६२.५ (सत्ताइस लाख तीस हजार नौसय बैसट्ठी दशमलव पांच) कित्ता साधारण शेयरमा विभाजन गरिएको छ।

ग) चुक्ता पूँजी : हाल विकास बैंकको चुक्ता पूँजी रू.२१,८४,७७,०००/- (एक्काइस करोड चौरासी लाख सतहत्तर हजार मात्र) रहेको छ, जसलाई रू.१००/- का दरले २१,८४,७७० (एक्काइस लाख चौरासी हजार सात सय सत्तरी) कित्ता साधारण शेयरमा विभाजन गरिएको छ। यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरू" मार्फत विकास बैंकका विद्यमान शेयरधनीहरूलाई रू.५ करोड ४६ लाख १९ हजार २५० रकम बराबरको शेयरको निष्काशन गरी सो शेयर बिक्री पश्चात् विकास बैंकको चुक्ता पूँजी रू.२७,३०,९६,२५०/- (सत्ताईस करोड तीस लाख छयानब्बे हजार दुइ सय पचास मात्र) रहनेछ।

६. हकप्रद शेयर निष्काशन गरि बाँडफाँड गरे पश्चात् हुने चुक्ता पूँजीको संरचना :

हकप्रद शेयर निष्काशन गरी बाँडफाँड गरे पश्चात हुने विकास बैंकको चुक्ता पूँजीको संरचनाः

क्र.स.	शेयरधनीहरु	समूह	शेयर संख्या	शेयरधनी प्रतिशत	चुक्ता रकम रु.	भुक्तानी प्रतिशत
१	संस्थापक शेयरधनी	समूह "क"	१११४२३२.७०		१११४२३२७०/-	शतप्रतिशत
	हकप्रद शेयर		२७८५५८.१८		२७८५५८१८/-	
	जम्मा		१३९२७९०.८८	५१%	१३९२७९०८८/-	
२	सर्वसाधारण शेयरधनीहरू (कर्मचारीहरू समेत)	समूह "ख"	१०७०५३७.३०		१०७०५३७३०/-	शतप्रतिशत
	हकप्रद शेयर		२६७६३४.३२		२६७६३४३२/-	
	जम्मा		१३३८१७१.६२	४९%	१३३८१७१६२/-	
	कुल जम्मा		२७३०९६२.५०	१००%	२७३०९६२५०/-	

७. सञ्चालक तथा कार्यकारी प्रमुखको नाम, ठेगाना, शैक्षिक योग्यता तथा अनुभव :

विकास बैंकको संचालक समितिमा हाल निम्न बमोजिमका सञ्चालकहरुले प्रतिनिधित्व गर्नु भएको छ ।

सि.नं.	नाम, ठेगाना	प्रतिनिधित्व समूह	पद	उमेर (बर्ष)	शैक्षिक योग्यता	ठेगाना	व्यवसायिक अनुभव
१.	श्री राजेन्द्र प्रसाद वझा	संस्थापक	अध्यक्ष	५८	अर्थशास्त्र विषयमा स्नातकोत्तर	बुटवल न.पा.-६, संगमपथ, रुपन्देही	- प्रवन्धक सञ्चालक बुटवल फ्लोवर मिल प्रा.लि., - लुम्बिनी बाणिज्य क्याम्पस पूर्व क्याम्पस प्रमुख, - सञ्चालक सिद्धार्थ गौतम बुद्ध क्याम्पस, - अध्यक्ष लुम्बीनी बाणिज्य क्याम्पस।
२.	श्री जीवन प्रसाद वझा	संस्थापक	सदस्य	६३	अर्थशास्त्र विषयमा स्नातक	बुटवल न.पा.-६, राममन्दिर, रुपन्देही	- प्रो.सुर्य विनायक ट्रेडर्स, - अध्यक्ष बुटवल फ्लोवर मिल, - भूतपूर्व अध्यक्ष उद्योग बाणिज्य संघ बुटवल, - संचालक आम्दा हस्पिटल बुटवल, - संचालक नमस्ते एफ.एम, बुटवल।
३.	श्री रामेश्वर प्रसाद कसजु	संस्थापक	सदस्य	६०	व्यवस्थापन विषयमा स्नातक	बुटवल न.पा.-६, राममन्दिर, रुपन्देही	- संचालक बुटवल फ्लोवर मिल प्रा.लि., - प्रो. राम इम्पोरीयम।
४.	श्री उज्ज्वल प्रसाद कसजु	संस्थापक	सदस्य	५०	व्यवस्थापन विषयमा स्नातक	बुटवल न.पा.-६, संगमपथ, रुपन्देही	- प्रो.बुटवल इम्पेक्स, - अध्यक्ष सिद्धीविनायक फुड प्रडक्ट, - कोषाध्यक्ष सन ब्रिक इण्डष्ट्री प्रा लि., - सञ्चालक नेपा इन्टरनेशनल प्रा.लि., - कोषाध्यक्ष नमस्ते एफ.एम. बुटवल, - उपाध्यक्ष उद्योग बाणिज्य संघ बुटवल।
५.	श्री अनिल प्रसाद श्रेष्ठ	सर्वसाधारण	सदस्य	४२	व्यवस्थापन विषयमा स्नातकोत्तर	बुटवल न.पा.-५, पुल्चोक, रुपन्देही	- प्रो. मुञ्चा कन्फेक्सनरी ई., - सि.ई.ओ. आर्शि मार्केटिङ्ग, - सि.ई.ओ. न्यू आर्शि मार्केटिङ्ग - संचालक शिशु ज्ञान कुञ्ज प्रा.लि., - संचालक तिनाउ ट्रेड हाउस प्रा.लि., - उपाध्यक्ष उद्योग बाणिज्य संघ, बुटवल।
६.	श्री सुरेन्द्र प्रसाद श्रेष्ठ	सर्वसाधारण	सदस्य	५१	व्यवस्थापन विषयमा प्रविणता प्रमाण पत्र	बुटवल-१२, चौराहा, रुपन्देही	- प्रो. एस.पि. सप्लायर्स, - संचालक सिद्धि विनायक फूड्स प्रोडक्ट्स, - पूर्व अध्यक्ष उद्योग बाणिज्य संघ, बुटवल।
७.	श्री रविन्सन कक्षपति	सर्वसाधारण	सदस्य	४६	एस.एल.सी.	धरावति-१, प्युठान	प्रो. रविन ट्रेड इन्टरप्राइजेज।

विकास बैंकको कार्यकारी प्रमुखको विवरण :

नाम	योग्यता	ठेगाना	अनुभव
श्री प्रदिप कुमार श्रेष्ठ	त्रिभुवन विश्वविद्यालयबाट व्यवस्थापनमा स्नातकोत्तर	लुम्बिनी अन्चल, रुपन्देही जिल्ला बुटवल उप-महानगरपालिका वडा नं. १०, सुख्खानगर	यस तिनाउ विकास बैक भन्दा पहिले बुटवल फाइनान्स लि. र सेवा विकास बैक लि.मा व्यवस्थापन तहमा कार्य गरी १६ वर्षको बैंकिङ्ग अनुभव।

८. संचालक समितिको बनौट :

विकास बैंकको नियमावलीको नियम ८ (२) मा भएको व्यवस्था अनुसार ८ (आठ) जना संचालक सदस्य रहेको एक संचालक समिति देहाय बमोजिम गठन हुनेछ।

१. समूह "क" अन्तर्गतका संस्थापक शेयरधनीहरुको आपसी समझदारीले मनोनित वा निर्वाचित जम्मा	४ जना
२. सर्वसाधारण समूहका शेयरधनीहरुबाट निर्वाचित	३ जना
३. नेपाल राष्ट्र बैंकले कायम गरेको व्यवसायीक विशेषज्ञहरुको सुचिबाट समितिले नियूक्त गरेको व्यवसायीक संचालक	१ जना

संचालकहरुको कार्यकाल ४ वर्षको हुनेछ। सर्वसाधारणका लागि शेयर निष्काशन पश्चात साधारण शेयरधनीहरू मध्येबाट तीन जना शेयरधनीहरुलाई साधारण सभाबाट समितिमा संचालक सदस्यका रुपमा नियुक्त गरिने छ। सर्वसाधारणबाट संचालक सदस्य नियुक्त नहुन्जेलसम्मका लागि संस्थापक सदस्यहरू मध्येबाट तीन जना संचालक सदस्य नियुक्त गर्न सकिनेछ। वार्षिक साधारण सभा हुनुभन्दा अगावै कुनै संचालकको पद रिक्त हुन आएमा बाँकी अवधिका लागि सोहि समूहको प्रतिनिधित्व हुने गरी समितिद्वारा संचालकको नियुक्त गर्न सकिनेछ। कुनै संचालकको पद त्यसरी रिक्त भएमा नयाँ नियुक्त संचालकको कार्यकाल रिक्त भएको संचालकको बाँकी कार्यकाल सम्मका लागि मात्र हुनेछ।

९. लिनुपर्ने न्यूनतम शेयर संख्या र दरखास्त साथ पठाउनु पर्ने पेश्की रकमः

यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरू" मार्फत निष्काशन तथा बिक्री गरिने साधारण शेयरको हकप्रद निष्काशन (Rights Share) को लागि आवेदन दिंदा यस निष्काशन अगावै विकास बैंकले यस हकप्रद शेयर निष्काशन प्रयोजनका लागी आफ्नो शेयरधनी दर्ता पुस्तिका बन्द हुने मितिको अघिल्लो दिनसम्म धितोपत्र बजारमा कारोवार भई दाखिल खारेज बन्द हुने मितिको ७ (सात) कार्यदिन भित्र नामसारी तथा दाखिल खारेजका लागि विकास बैंकमा प्राप्त भई शेयरधनी दर्ता पुस्तिकामा कायम शेयरधनीहरुले आफ्नो नाममा कायम रहेको ४ कित्ता साधारण शेयर बराबर नयाँ १ कित्ता हकप्रद शेयरका लागि दरखास्त दिन सक्नेछन्।

यसरी आवेदन दिंदा हक बापतको शेयर संख्या खण्डित शेयरमा आएमा दशमलव पछिको अंकलाई आधार मानि दशमलव ५ वा सो भन्दा माथि आएमा माथिल्लो अंकमा लैजाने र दशमलव ५ भन्दा कम अंक आएमा तल्लो अंकमा परिणत गरी दिएको आवेदनलाई सोहि अनुरूप बाँडफाँड गरिनेछ। जस्तैः यदि कुनै शेयरधनीको कायम हक कित्ता १५.५० वा १५.९९ भएमा निजले १६ कित्ताको लागि आवेदन दिन पाउने छ तर कुनै शेयरधनीको कायम हक कित्ता १५.०१ तथा १५.४९ भएमा निजले १५ कित्ता शेयरको लागि मात्र आवेदन दिनु पर्नेछ। यसरी आवेदन गर्दा माग भन्दा बढी रकम प्राप्त भएको अवस्थामा नियमनकारी निकायको स्वीकृती लिई बाँडफाँड गरिनेछ।

यदि कुनै शेयरधनीले आफूले हकप्रद आधारमा माथि उल्लेख गरिए बमोजिम खरिदको लागि दरखास्त दिन पाउने शेयर संख्या भन्दा बढि शेयरका लागि आवेदन दिएमा सो बढि शेयरलाई बाँडफाँडमा समावेश गरिने छैन।

दरखास्त साथ प्रति शेयर रू.१००/- का दरले आफूले हकप्रद आधारमा खरिद गर्न पाउने शेयर संख्यालाई गुणन गर्दा हुन आउने रकम बैंकमा जम्मा गरेको भौचर वा ड्राफ्ट संलग्न भएको हुनु पर्नेछ। भौचर वा बैंक ड्राफ्ट मार्फत रकम जम्मा गर्दा भौचर वा ड्राफ्ट नम्बर शेयर आवेदन फारममा अनिवार्य रुपमा खुलाउनु पर्नेछ।

१०. साविकका शेयरधनीहरुले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई बाँकी रहन गएका शेयरहरुको बिक्री गर्ने सम्बन्धी व्यवस्था :

हकप्रद शेयर खुल्ला अवधीमा सम्पूर्ण शेयर बिक्री नभई शेयर बाँकी रहेमा संचालक समितिको निर्णय अनुसार अत्यन्त पारदर्शी तरिकाद्वारा (जस्तै लिलाम बढावढ) बिक्री गरिनेछ। यसरी बिक्री गर्दा खरिद गर्न चाहने लगानीकर्ताहरू सबैलाई समान अवसर प्रदान गरिनेछ।

११. हकप्रद शेयरको अनुपात भन्दा बढि शेयर खरिद गर्न पाउने/नपाउने सम्बन्धी व्यवस्था :

कुनै शेयरधनीले आफुले हकप्रद शेयर खरीदका लागि दरखास्त दिन पाउने शेयर संख्याभन्दा बढी शेयरको लागि दरखास्त दिन पाइने छैन। यदि कुनै शेयरधनीले आफुले हकप्रद आधारमा खरीदका लागि दरखास्त दिन पाउने शेयर संख्याभन्दा बढी शेयरको लागि दरखास्त दिएमा उक्त हकभन्दा बढी शेयरलाई बाँडफाँडमा समावेश गरिने छैन। साथै शेयरधनीहरुले आफ्नो हकभन्दा कम शेयरका लागि दरखास्त दिन सक्नेछन् र हकभन्दा कम शेयर माग गर्नेको हकमा माग बमोजिम नै शेयर बाँडफाँड गरिनेछ।

१२. कम्पनीको विगत तथा आगामी तीन वर्षको प्रक्षेपित वित्तीय विवरणका साथै नेटवर्थ :

वासलात

(रु. हजारमा)

	पूँजी तथा दायित्व	वास्तविक (लेखा परिक्षण भएको)			*अपरिस्कृत	प्रक्षेपित		
		आ.ब. ०६९/०७०	आ.ब. ०७०/०७१	आ.ब. ०७१/०७२	आ.व. २०७२/०७३ आश्विन मसान्त	आ.ब. ०७२/०७३	आ.ब. ०७३/०७४	आ.ब. ०७४/०७५
१	शेयर पूँजी	१३९,९९८	१६७,५४२	२१८,४७७	१९३६५५	३०५,८६८	५०४,६८२	५०४,६८२
२	जगेडा तथा कोषहरू	१०,१४६	१५,०११	२३,४६५	६,७९३,१७१	४२,४९४	५५,१२०	६४,८४६
३	ऋणपत्र तथा बण्ड	-	-	-	-	-	-	-
४	तिर्न बाँकी कर्जा तथा सापट	-	-	-	-	-	-	-
५	निक्षेप दायित्व	१,५३१,५५४	१,७५८,००२	२,३८२,३८१	२,४७६,४७९	२,५०१,५००	२,९५१,७६९	३,६३०,६७६
६	भुक्तानी दिनुपर्ने विलहरू	-	-	-	-	-	-	-
७	प्रस्तावित तथा भुक्तानी दिन बाँकी लाभांश	७२६	१,२७१	१,७५४	-	१,०९२	१,५२९	६८,८२०
८	आयकर दायित्व	-	-	-	-	-	-	-
९	अन्य दायित्व	४९,०९५	४९,१५९	५५,५६२	१०७,०७९	२०९,६४७	१५५,६४९	१४२,९६२
	कुल पूँजी तथा दायित्व	१,७३१,५२०	१,९९०,९८५	२,६८१,६३८	२,८४५,१४५	३,०६०,६०१	३,६६८,७५०	४,४११,९८७

	सम्पत्ति	वास्तविक (लेखा परिक्षण भएको)			*अपरिस्कृत	प्रक्षेपित		
		आ.ब. ०६९/०७०	आ.ब. ०७०/०७१	आ.ब. ०७१/०७२	आ.व. २०७२/०७३ आश्विन मसान्त	आ.ब. ०७२/०७३	आ.ब. ०७३/०७४	आ.ब. ०७४/०७५
१	नगद मौज्दात	४७,८६९	५३,९४४	७१,६४०	७१८,६८५	४७,९९९	९३,५९८	९७,३४२
२	नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात	८१,३८२	१०९,४७१	१६९,०४७	-	११२,५६७	१३२,८३०	१६३,३८०
३	बैंक/वित्तीय संस्थामा रहको मौज्दात	३४७,७४९	२६९,७९४	४५५,६९२	-	५०३,५४०	५७९,०७१	६७७,५१३
४	माग तथा अल्प सूचनामा प्राप्त हुने रकम	९९,५६९	६०,६१८	५६,७०९	६०,७४३	३६,२९४	३७,१२८	२७,६११
५	लगानी	२,४२७	७७,७९१	८८,४७६	८८,६७६	११९,४४३	१३१,३८८	१४४,५२६
६	कर्जा, सापट तथा लि खरिद	१,१०७,०२६	१,३७०,६२५	१,७९३,३०९	१,९०२,१४७	२,२०५,७७०	२,६४६,९२४	३,२२९,२४७
७	स्थिर सम्पत्ति	३१,२८५	२६,०५१	३२,७५९	३२,९८८	२७,८४५	२३,६६८	२०,११८
८	गैंर बैंकिङ्ग सम्पत्ति	-	-	-	-	-	-	-
९	अन्य सम्पत्ति	१४,२१५	२२,६९१	१४,००६	४१,९०४	७,१४३	२४,१४३	५२,२४९
	कुल पूँजी तथा दायित्व	१,७३१,५२०	१,९९०,९८५	२,६८१,६३८	२,८४५,१४५	३,०६०,६०१	३,६६८,७५०	४,४११,९८७

नोटः प्रक्षेपित शेयर पूँजीमा कम्पनीले सोही वर्षमा दिने वोनश तथा हकप्रद शेयर समेत समावेश गरी उल्लेख गरिएको।

नाफा-नोक्सान हिसाब

(रु. हजारमा)

विवरण	वास्तविक (लेखा परिक्षण भएको)			*अपरिस्कृत	प्रक्षेपित		
	आ.ब. ०६९/०७०	आ.ब. ०७०/०७१	आ.ब. ०७१/०७२	आ.व. २०७२/०७३ आश्विन मसान्त	आ.ब. ०७२/०७३	आ.ब. ०७३/०७४	आ.ब. ०७४/०७५
१. व्याज आम्दानी	१९२,५६२	२०७,७५७	२३६,०२५	६०,३०३	२८६,४०८	३३८,५४४	४०४,६८२
२. व्याज खर्च	१४३,६९४	१३४,८७०	१३६,९१३	३८,५८३	१७०,९३६	२१८,१३१	२६३,२९८
खुद व्याज आम्दानी	४८,८६९	७२,८८७	९९,११३	२१,७१९	११५,४७३	१२०,४१३	१४१,३८४
३. कमिशन तथा डिस्काउण्ट	२,८४४	३,८२५	७,०९८	२,०३४	९,२२७	११,५३४	१४,४१८
४. अन्य सञ्चालन आम्दानी	१४,४६७	१६,८७४	१९,०९२	३,८१३	२४,८२०	३१,०२५	३८,७८१
५. सटही घटबढ आम्दानी	-	-	-	-	-	-	-
कूल सञ्चालन आम्दानी	६६,१८०	९३,५८७	१२५,३०३	२७,५६८	१४९,५२०	१६२,९७२	१९४,५८३
६. कर्मचारी खर्च	१६,५९५	१८,१४४	२५,२७३	६,५४३	२८,८३८	२९,१२८	३०,२८०
७. अन्य सञ्चालन खर्च	२५,९८४	२८,६०८	३१,७९१	४,६१९	३२,७४५	३३,४००	३४,४०२
८. सटही घटबढ नोक्सानी	-	-	-	-	-	-	-
सम्भावित नोक्सान व्यवस्था अघिको सञ्चालन मुनाफा	२३,६००	४६,८३४	६८,२३९	१६,४०५	८७,९३७	१००,४४४	१२९,९०१
९. सम्भावित नोक्सानी व्यवस्था	६३७	२,६२४	४,३५२	१,५११	४,८१९	६,१०२	६,४७१
सञ्चालन मूनाफा	२२,९६३	४४,२१०	६३,८८७	१४८९४	८३,११८	९४,३४२	१२३,४३०
१०. गैर सञ्चालन आम्दानी/खर्च	३६५	३,११२	१८७	-	-	-	-
११. सम्भावित नोक्सानी व्यवस्थाबाट फिर्ता	-	-	-	-	-	-	-
नियमित कारोबारबाट भएको मूनाफा	२३,३२८	४७,३२१	६४,०७४	१४,९०७	-	-	-
१२. असामान्य कारोवारहरूबाट भएको आम्दानी/(खर्च)	-	-	-	-	-	-	-
सम्पूर्ण कारोबार समावेश पछिको खुद मूनाफा	२३,३२८	४७,३२१	६४,०७४	१४,९०७	८३,११८	९४,३४२	१२३,४३०
१३. कर्मचारी बोनस ब्यवस्था	२,१२१	४,३०२	५,८२५	१,३५५	७,५५६	८,५७७	११,२२१
१४. आयकर ब्यवस्था	६,३६०	१२,७३३	१७,३७४	४,०६५	२२,६६९	२५,७३०	३३,६६३
खुद नाफा/नोक्सान	१४,८४७	३०,२८६	४०,८७५	९४८६	५२,८९३	६०,०३६	७८,५४६
शेयर संख्या (हजारमा)	१,३९९.९८	१,६७५.४२	१,८५१.५०	-	२,१८४.७७	३,०५८.६८	५,०४६.८२
प्रति शेयर आम्दानी (रू.)	१०.६१	१८.०८	२२.०८	-	२४.२१	१९.६३	१५.५६

नेटवर्थ सम्बन्धी विवरण

(रु. हजारमा)

विवरण	वास्तविक			प्रक्षेपित		
	आ.ब. ०६९/०७०	आ.ब. ०७०/०७१	आ.ब. ०७१/०७२	आ.ब. ०७२/०७३	आ.ब. ०७३/०७४	आ.ब. ०७४/०७५
चुक्ता पूँजी	१३९,९९८	१६४,१४८	१८५,१५०	२१८,४७७	३०५,८६८	५०४,६८२
कल्सइन एड्भान्स	-	३३९४	-	-	-	-
प्रस्तावित वोनश शेयर	-	-	३३,३२७	-	-	-
जगेडा तथा कोषहरू	१०,१४६	१५,०११	२३,४६५	४२,४९४	५५,१२०	६४,८४६
जम्मा	१५०,१४४	१८२,५५३	२४१,९४२	२६०,९७१	३६०,९८८	५६९,५२८
अपलेखन गर्न बाँकी खर्च	७९१	७१४	२,८०६	-	-	-
बुक नेटवोर्थ	१४९,३५३	१८१,८३९	२३९,१३६	२६०,९७१	३६०,९८८	५६९,५२८
शेयर संख्या (हजारमा)	१,३९९.९८	१,६४१.४८	१,८५१.५०	२,१८४.७७	३,०५८.६८	५,०४६.८२
प्रति शेयर नेटवर्थ (रू.)	१०६.६८	१०८.७०	१२९.१६	११९.४५	११८.०२	११२.८५
नेटवर्थमा औषत प्रतिफल (प्रतिशत)	९.९४	१६.९७	१७.०९	२०.२७	१६.६३	१३.७९

*अपरिस्कृत वास्तविक (लेखापरिक्षण नभएको) वित्तीय विवरण व्यवस्थापनबाट प्रमाणित भएको।

नोटः आर्थिक वर्ष ०७०/७१ को कल्स इन एडभान्स रकम रू.३३,९३,४७५/- लाई नेटवर्थ गणना गर्दा घटाइएको छ।

द्रष्टव्य : माथि उल्लेख गरिएका वित्तीय विवरण तथा प्रक्षेपित वित्तीय विवरण तयार र विश्लेषन गर्ने व्यवसायिक संस्थामा निष्काशनकर्ता विकास बैंक आफै रहेको छ। निष्काशनकर्ता बैंकले प्राप्त गरेको हालसम्मको कार्य प्रगतिको आधारमा प्रेशित वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरू ठिक छ भनी प्रमाणित गर्नेमा श्री प्रमोद पन्थी एण्ड एसोसिएट्का तर्फबाट सि.ए. श्री प्रमोद पन्थी हुनुहुन्छ।

१३. विकास बैंकले गर्ने भनिएको काममा निहित सम्भावित जोखिमहरु :

- (क) बैंक तथा वित्तीय संस्थाहरूको आपसी प्रतिस्पर्धाबाट उत्पन्न हुनसक्ने सम्भावित जोखिमहरू।
- (ख) नयाँ कम्पनीहरुको प्रवेशबाट उत्पन्न हुने प्रतिस्पर्धाबाट हुन सक्ने जोखिमहरू।
- (ग) विकास बैंकले प्रदान गरेको कर्जा तथा सापट खराब कर्जामा परिणत हुन गएमा हुने जोखिमहरू।
- (घ) देशको राजनीतिक अस्थिरताबाट आउन सक्ने जोखिमहरू।
- (ङ) देशको आर्थिक अवस्थामा आउने उतार चढावबाट हुनसक्ने जोखिमहरू।
- (च) नेपाल सरकार र नेपाल राष्ट्र बैंकको आर्थिक तथा वित्तीय नीति, नियममा हुने परिवर्तनवाट सिर्जना हुन सक्ने जोखिमहरू।
- (छ) निक्षेप तथा कर्जाको व्याजदरमा आउने परिवर्तनबाट सिर्जना हुन सक्ने जोखिमहरू।
- (ज) कर्जा तथा लगानीको दायरा साँघुरिएर उत्पन्न हुनसक्ने जोखिमहरू।
- (झ) पूँजी बजारको अवस्थामा आउने उतार चढावबाट पर्न सक्ने जोखिमहरू।
- (ञ) अन्तर्राष्ट्रिय बजारमा हुने मन्दीबाट नेपाली बजारमा पर्न सक्ने असरबाट हुन सक्ने जोखिमहरू।
- (ट) देशको मौद्रिक नीति लगायत नेपाल राष्ट्र बैंकले गर्ने नियम निर्देशनको अप्रत्याशित परिवर्तनबाट सिर्जना हुन सक्ने जोखिमहरू।
- (ठ) देशको बैदेशिक नीतिमा हुन सक्ने परिवर्तन तथा विदेशी मुद्राको विनिमय दरमा घटवढ भई उत्पन्न हुन सक्ने सम्भावित जोखिमहरू।
- (ड) तरलता अभावका कारण हुनसक्ने जोखिमहरू।
- (ण) विकास बैंकले धितोपत्रहरूमा लगानी गरेको हुँदा ती लगानीमा हुने मूल्य परिवर्तनको जोखिमहरू।

यस विकास बैंकले आफ्नो कारोवार मिति २०६३/०७/१५ गतेदेखि संचालन गरेको हुँदा विकास बैंकको कारोवार संचालनको इतिहास ९ वर्षको रहेको छ।

सम्भावित आर्थिक जोखिमहरुलाई न्यूनिकरण गर्न विकास बैंकले निम्न उपायहरु अवलम्वन गर्दै आइरहेको छः

विकास बैंकको कर्जा तथा लगानी खराव भई हुन सक्ने जोखिमहरुको लागि विकास बैंकले कर्जा तथा लगानी जोखिम कोषको व्यवस्था गरेको छ। विकास बैंकले वित्त वजारमा हुने प्रतिस्पर्धाको लागि जनशक्ति विकासमा ध्यान पुर्‍याउनुको साथै अन्य व्यवसायिक जोखिमहरुवाट सिर्जना हुन सक्ने हानी नोक्सानीको लागि व्यवस्थापन चनाखो भई सम्भावित हानी नोक्सानी कम गर्न सक्षम र प्रतिवद्ध छ।

धितोपत्रको मूल्य परिवर्तन सम्वन्धी जोखिमः रू.१००/- प्रति शेयरका दरले निष्काशन गरिएको शेयर मूल्यले सूचिकरण पश्चात धितोपत्र बजारमा हुने कारोवार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुन सक्ने परिवर्तनको जोखिम रहेको छ।

१४. हकप्रद साधारण शेयर खरिद गर्न चाहने शेयरधनीहरुले पालना गर्नुपर्ने केहि मुख्य कुराहरु :

क) यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा बिवरणहरू" अनुसार जारी गरिने शेयरका लागी आवेदन गर्ने शेयरधनीहरुले यस हकप्रद निष्काशन कार्य अगावै विकास बैंकले सो निष्काशन प्रयोजनका लागी आफ्नो शेयरधनी दर्ता पुस्तिका बन्द भएको मितिको अघिल्लो दिनसम्म कारोवार भई दाखिल खारेज बन्द भएको मितिले ७ (सात) कार्यदिन भित्र शेयर नामसारी तथा दाखिल खारेजका लागि विकास बैंकमा प्राप्त भइ शेयरधनी दर्ता पुस्तिकामा कायम शेयरधनीहरुको नाममा कायम रहेको साधारण शेयर संख्याको ४ : १ (विद्यमान ४ कित्ता शेयर बरावर नयाँ १ कित्ता शेयर) को अनुपातमा साधारण शेयर खरिदका लागि दरखास्त दिन सक्नेछन्।
यसरी आवेदन दिंदा हक बापतको शेयर संख्या खण्डित शेयरमा आएमा दशमलव पछिको अंकलाई आधार मानि दशमलव ५ वा सो भन्दा माथि आएमा माथिल्लो अंकमा लैजाने र दशमलव ५ भन्दा कम अंक आएमा तल्लो अंकमा परिणत गरी दिएको आवेदनलाई सोहि अनुरुप बाँडफाँड गरिनेछ। जस्तै यदि कुनै शेयरधनीको कायम हक कित्ता १५.५० वा १५.९९ भएमा निजले १६ कित्ताको लागि आवेदन दिन पाउने छ तर कुनै शेयरधनीको कायम हक कित्ता १५.०१ तथा १५.४९ भएमा निजले १५ कित्ता शेयरको लागि मात्र आवेदन दिनुपर्नेछ। यदि कुनै शेयरधनीले आफूले हकप्रद आधारमा माथि उल्लेख गरिए बमोजिम खरिदको लागि दरखास्त दिन पाउने शेयर संख्या भन्दा बढि शेयरका लागि आबेदन दिएमा सो बढि शेयरलाई बाँडफाँडमा समावेश गरिने छैन। यसरी आवेदन गर्दा माग भन्दा बढी आवेदन भएको अवस्थामा नियमनकारी निकायको स्विकृती लिई बाँडफाँड गरिनेछ।

ख) प्रत्येक शेयरधनीले साधारण शेयरको हकप्रद निष्काशनका लागि दरखास्त दिंदा विकास बैंकद्वारा तोकिएको निर्दिष्ट ढाँचामा आफ्नो शेयरधनी नम्बर, हितग्राही खाता नम्बर, हाल कायम रहेको शेयर संख्या, शेयर प्रमाणपत्र नम्वरहरू, आफूले खरिद गर्न पाउने हकप्रद शेयर संख्या र सो बरावरको रकम समेत खुलाइ तोकिए बमोजिमको ढाँचामा रितपूर्वक आवेदन दिनु पर्नेछ।

ग) दरखास्त फाराम नेपाली तथा अंग्रेजी दुबै भाषामा पूर्ण रूपले भर्नु पर्नेछ।

घ) दरखास्त साथ प्रति शेयर रू.१००/- का दरले आफूले हकप्रद आधारमा २५(क) मा उल्लेख भए अनुसार) खरिद गर्न पाउने शेयर संख्यालाई गुणन गर्दा हुन आउने बराबरको एकमुष्ट नगद रकम वा सो बराबरको बैंकमा जम्मा गरेको भौचर वा ड्राफ्ट संलग्न भएको हुनु पर्नेछ। भौचर वा बैंक ड्राफ्ट मार्फत रकम जम्मा गर्दा भौचर वा ड्राफ्ट नम्बर शेयर आवेदन फारममा अनिवार्य रूपमा खुलाउनु पर्नेछ।

ङ) संयुक्त नाममा रहेका साविक शेयरधनीहरूले दरखास्त दिंदा संयुक्त रूपमा नै हकप्रद शेयर खरीदका लागी दरखास्त दिनु पर्नेछ।

च) शेयरधनीहरूले तोकिएको समय/अवधी भित्र शेयरका लागी दरखास्त दिनु पर्नेछ।

छ) "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा बिवरणहरू" मा उल्लेख गरिए बमोजिम तोकिएको म्याद भित्र दरखास्त नदिने तथा माग गरे बमोजिमको रकम दाखिला नगर्ने शेयरधनीहरूलाई शेयर बाँडफाँडमा समावेश गरिने छैन। त्यसमा कसैको कुनै पनि प्रकारको दावी बिरोध लाग्ने छैन।

ज) यस हकप्रद शेयर निष्काशनको समयमा कुनै बिवाद भएमा वा उजुरी परेमा सो निवारणका लागी विकास बैंकको संचालक समितिको निर्णय नै अन्तिम हुनेछ।

झ) प्रमाणपत्र बुझ्न आउँदा शेयरधनीले आफ्नो नागरिकता प्रमाणपत्रको प्रतिलिपि अनिवार्य रूपमा पेश गर्नु पर्नेछ। नाबालकको हकमा संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ।

१५. यस डेभलपमेन्ट बैंकको विगत तीन आर्थिक बर्ष तथा पछिल्लो तीन महिनामा नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा भएको पछिल्लो तीन महिनाको शेयर कारोबारको विवरण :

आर्थिक बर्ष	अधिकतम शेयर मूल्य (रू.)	न्यूनतम शेयर मूल्य (रू.)	अन्तिम बजार मूल्य (रु.)	शेयर कारोबार संख्या
०६९।७०	१३६	१०२	१३४	७०८
०७०।७१	३०४	९९	२४४	६७५३१
०७१।७२	४००	२१२	३००	९३९७६

महिना	अधिकतम शेयर मूल्य (रु)	न्यूनतम शेयर मूल्य (रु)	अन्तिम बजार मूल्य (रु)	शेयर कारोबार संख्या
श्रावण २०७२	३४१	२९२	३१८	१७१७०
भाद्र, २०७२	४२७	२८९	४०५	१६०८६
असोज, २०७२	३४८	३३६	३३६	३००

द्रष्टव्यः विकास बैंकको अद्यावधिक बजार मूल्य नेपाल स्टक एक्सचेन्ज लिमिटेडले प्रकाशित गर्ने बजार मूल्य सूचीबाट प्राप्त गर्न सकिनेछ।

१६. शेयर बाँडफाँड सम्बन्धी ब्यबस्था :

क) विकास बैंकले सार्वजनिक रूपमा आफ्नो साविकका शेयरधनीहरूलाई हकप्रद शेयर खरीदको लागि आव्हान गरेको साधारण शेयर बिक्री बन्द भएको मितिले धितोपत्र निष्काशन निर्देशिका, २०६५ ले तोकेको म्याद भित्र शेयरहरूको बाँडफाँड गरी सो सम्बन्धी सूचना राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गर्नेछ। यसरी निर्धारित अवधिभित्र शेयर बाँडफाँड गरी बाँडफाँडमा परेका शेयरधनीहरूलाई हितग्राही खाता भएको अवस्थामा हितग्राही खातामा नै शेयर जम्मा हुने व्यवस्था र हितग्राही खाता नभएको शेयरधनीहरूको हकमा हकप्रद शेयरको प्रमाणपत्र बितरण गरी निष्काशित शेयरहरू नेपाल स्टक एक्स्चेन्ज लिमिटेडमा सूचिकरण गरिनेछ।

ख) शेयर बाँडफाँड गर्दा यो हकप्रद निष्काशन अगावै विकास बैंकले यस हकप्रद शेयर निष्काशन प्रयोजनका लागी आफ्नो शेयरधनी दर्ता पुस्तिका बन्द हुने मितिको अघिल्लो दिनसम्म कारोवार भई बन्द हुने मितिले ७ (सात) कार्यदिन भित्र नामसारी तथा दाखिल खारेजका लागि विकास बैंकमा प्राप्त भई विकास बैंकको शेयरधनी दर्ता पुस्तिकामा कायम शेयरधनीहरुको नाममा कायम रहेको साधारण शेयर संख्याको ४ शेयर बराबर १ शेयरका दरले आवेदनकर्ता शेयरधनीलाई बाँडफाँड गरिनेछ।

१७. शेयर सूचीकरण गराउने सम्बन्धी व्यवस्था :

विकास बैंकले सार्वजनिक रूपमा आफ्नो शेयरधनीहरूलाई हकप्रद शेयर खरीद गर्न आव्हान गरी सो शेयर बिक्री बन्द भएको मितिले धितोपत्र निष्काशन निर्देशिका, २०६५ द्वारा निर्धारित समयावधि भित्र शेयरको बाँडफाँड गरि बाँडफाँडमा परेका शेयरधनीहरूलाई हितग्राही खाता भएको अवस्थामा हितग्राही खातामा नै शेयर जम्मा हुने व्यवस्था र हितग्राही खाता नभएको शेयरधनीहरूको हकमा हकप्रद शेयरको प्रमाणपत्र वितरण गरेपछि निष्काशित शेयरहरू नेपाल स्टक एक्स्चेन्ज लिमिटेड, काठमाण्डौमा सूचिकरण गराई खरिद बिक्रीको व्यवस्था मिलाईनेछ।

१८. आफ्नो हक अन्य व्यक्तिलाई हस्तान्तरण गर्ने गरी मनोनयन गरेको अवस्थामा पालना गर्नुपर्ने कुराहरु :

कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा भएको व्यवस्था अनुसार साविकका शेयरधनीहरूले आफ्नो हक आंशिक वा पूर्ण रूपमा अन्य व्यक्तिलाई हस्तान्तरण गर्न पाइनेछ। यसरी आफ्नो हक अन्य व्यक्तिलाई हस्तान्तरण गर्न धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०६५ मा भएको देहायका व्यबस्था अनुसार उक्त नियमावलीको अनुसूची-६ बमोजिमको ढाँचामा दरखास्त दिई आफ्नो हक अन्य व्यक्तिलाई हस्तान्तरण गर्न सकिनेछ।

- क. आफ्नो सम्पूर्ण/आंशिक हक कुनै एक व्यक्ति वा संस्थालाई मात्र प्रयोग गर्न सकिने।
- ख. मनोनयन भै शेयरको लागि आवेदन गर्दा धितोपत्र बजारको कारोबार इकाई अनुसार हुने।
- ग. हकप्रद शेयर खरीद गर्ने हक अरूलाई मनोनीत गर्ने शेयरवालाले अरू शेयरवालाको हक लिई मनोनीत हुन नपाइने तर आफ्नो पूरै हक उपभोग गर्नेले भने अरूको हक समेत मनोनीतको रूपमा लिन सकिने।
- घ. कम्पनीको प्रबन्धपत्र, नियमावलीमा भएको व्यवस्था तथा सम्बन्धित नियमनकर्ताले स्वामित्व सीमा तोकेको अवस्थामा पहिले लिएको वा पछि ग्रहण गरिने शेयर समेत कूल शेयर संख्या सो सीमा ननाघ्ने गरी मात्र मनोनीत हुनेले शेयरका लागि आवेदन गर्न सकिने।
- ङ. संगठित संस्थाको प्रबन्धपत्र र नियमावलीको व्यवस्था अनुसार स्वामित्व तथा संचालक समिति समूहकृत गरिएको भएमा सोही समूहभित्र रहने गरी मात्र मनोनयन गर्न सकिने र मनोनयन गरेपछि कम्पनीको शेयर स्वामित्वको संरचना र संचालक समितिको बनोटमा परिवर्तन हुने भएमा सम्बन्धित ऐन, नियमले तोकेको स्वामित्व सीमाभित्र रहने गरी परिवर्तन हुने व्यवस्था तथा मताधिकार सम्बन्धी स्पष्ट व्यवस्था भएको।
- च. प्रचलित कानून अनुरूप मनोनीत हुने व्यक्ति वा संस्था कालो सूचीमा नरहेको तथा अयोग्य समेत नभएको हुनुपर्ने।
- छ. हकप्रद शेयर बिक्री खुल्ला भएको अवधी भित्र आफ्नो हक अरूलाई प्रयोग गर्न दिने व्यवस्था गरिएको।
- ज. वित्तीय संस्थाका सञ्चालक, कार्यकारी प्रमुख, लेखापरीक्षक, सचिव वा बैंक वा वित्तीय संस्थाको व्यवस्थापन तथा लेखा सम्बन्धी कार्यमा प्रत्यक्ष रूपले संलग्न व्यक्तिले त्यस्तो पदमा बहाल रहंदाका बखत वा त्यस्तो पद छाडेको कम्तीमा एक वर्षसम्म सम्बन्धित बैंक वा वित्तीय संस्था वा त्यसको सहायक कम्पनीको हकप्रद शेयर अन्य कुनैपनि व्यक्ति वा संस्थालाई हक हस्तान्तरण गरिदिन वा अन्य कुनैपनि व्यक्ति वा संस्थाबाट हक हस्तान्तरण स्वीकार गरिलिन हुँदैन।

१९. हकप्रद शेयर जारी गर्नुको उद्देश्य :

- अ) नेपाल राष्ट्र बैंकको बैंक तथा वित्तीय संस्था संस्थापना एवं वित्तीय कारोवार गर्ने ईजाजतपत्र निर्देशन वमोजिम व्यावसाय विस्तारको गर्न पूंजीकोष प्रयाप्तताको लागि।
- आ) यस विकास बैंकको नवौं बार्षिक साधारण सभाबाट ४ : १ को अनुपातमा हकप्रद शेयर निष्काशन गर्ने प्रस्ताव पारित भए अनुसार विकास बैंकलाई आवश्यक पर्ने चुक्ता पूँजी बृद्धि गर्नुपर्ने भएकोले।
- इ) विकास बैंकको प्रबन्धपत्रमा उल्लेख गरे बमोजिमका उद्देश्य प्राप्त गर्न र संस्थाको शाखा विस्तार गरी कारोवार बृद्धि गर्न आवश्यक पर्ने पूँजी जुटाउन।
- ई) विकास बैंकलाई विभिन्न परियोजनाहरुमा लगानी गर्न सक्षम बनाउन।
- उ) संस्थाको वित्तीय स्थिति मजबूत बनाई राख्न र नेपाल राष्ट्र बैंकले तोकेको चुक्ता पूँजी पुर्‍याउन।

२०. निष्काशनबाट प्राप्त कुल रकम सम्बन्धमा वित्तीय रुपमा स्पष्ट खुलेको उपयोग योजना सहितको विवरण :

यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरण" अनुसार हकप्रद शेयर जारी भई प्राप्त हुने रकम निम्नानुसार शिर्षकमा उपयोग गरिनेछ।

क्र.सं.	शिर्षक	अनुमानित रकम (रु.हजारमा)
१	कर्जा लगानी	३५,७२५/-
२	स्थिर सम्पत्तिमा लगानी	९,९७२/-
३	ऋणपत्र तथा बचत पत्रमा लगानी	८,९२२/-
	जम्मा	५४,६१९/-

२१. निष्काशन बैंक (Banker to the Issue) सम्बन्धी व्यवस्था :

यस हकप्रद साधारण शेयर निष्काशनको लागि देहाय बमोजिमका बैंकहरुलाइ निष्काशन बैंकको रूपमा नियुक्त गरिएको छ :

सि.नं.	निष्काशन बैंकको नाम, ठेगाना	खाता नं.
१	सिद्धार्थ बैंक लिमिटेड, हात्तिसार, काठमाण्डौ	००११५१९७७२२

उपरोक्त निष्काशन बैंकमा दरखास्त फाराम वितरण गर्ने तथा बुझिलिने व्यवस्था गरिएको छैन।

२२. हकप्रद शेयर बिक्री खुल्ला अवधि :

यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरू" मार्फत निष्काशन गरिने हकप्रद शेयरको लागि दरखास्त दिने अवधी हकप्रद शेयरको निष्काशन तथा बिक्री खुल्ला भएको मितिले कम्तिमा ३५ दिनको हुनेछ। हकप्रद शेयरको निष्काशन अवधी नेपाल धितोपत्र बोर्डको निर्देशिकाको प्रावधान भित्र रहि विकास बैंकको संचालक समितिले आवश्यकता अनुसार थप गर्न सक्नेछ।

२३. हकप्रद शेयर खरीदका लागि दरखास्त पाइने, रकम जम्मा गर्ने र आवेदन बुझाउने स्थानहरुका साथै हकप्रद शेयर खरीदको लागि तयार गरिएको "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" प्राप्त गर्न वा हेर्न सक्ने स्थानहरु :

१. तिनाउ विकास बैंक लिमिटेडको प्रधान कार्यालय, बुटवल, रुपन्देही तथा यसका सम्पूर्ण शाखा कार्यालयहरू।
२. सिद्धार्थ क्यापिटल लिमिटेड, हनुमानस्थानभवन, अनामनगर, काठमाण्डौ।

उपरोक्त उल्लेखित स्थानहरू बाहेक अन्य स्थानबाट निवेदन दिन चाहनेहरूले धितोपत्र निष्काशन बन्द हुनु भन्दा अघिको मितिमा सिद्धार्थ क्यापिटल लिमिटेड, हनुमानस्थान भवन, अनामनगर, काठमाण्डौको नाममा खिचिएको एकाउण्ट पेयी ड्राफ्टसाथ धितोपत्रको लागि आवेदन सिधै हुलाक वा कुरियरवाट सिद्धार्थ क्यापिटल लिमिटेडको कार्यालयमा पठाउन सकिनेछ। हकप्रद शेयर बिक्री बन्द भएको ७ दिन पछि प्राप्त ड्राफ्ट र आवेदन फारामलाई शेयर बाँडफाँडमा समावेश गरिने छैन।

२४. संचालक तथा आधारभुत शेयरधनीले हकप्रद शेयर वापतको रकम जम्मा गरेको सम्बन्धमा :

यस विकास बैंकको सञ्चालक तथा आधारभूत शेयरधनीहरुले जम्मा गर्नु पर्ने सम्पूर्ण रकम भुक्तानी गरिसकेको व्यहोरा अवगत गराउंदछौं।

२५. क्रेडिट रेटिङ्ग सम्बन्धमा :

क्रेडिट रेटिङ नियमावली २०६८, बमोजिम नेपालको लागि स्वीकृत प्राप्त क्रेडिट रेटिङ एजेन्सी इक्रा नेपाल लिमिटेड (ICRA Nepal Limited) बाट यस कम्पनीलाई यस हकप्रद शेयर निष्काशनलाई इक्रा नेपाल लिमिटेडले औसत भन्दा तल आधारहरू (Fundamentals) जनाउने "[ICRANP] IPO Grade 4" प्रदान गरेको छ।

यस हकप्रद शेयर निष्काशन सम्बन्धमा कुनै लगानीकर्ताहरुको गुनासो सुन्न तथा त्यसको समाधानको लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक श्री सिद्धार्थ क्यापिटल लिमिटेड, हनुमानस्थानभवन, अनामनगर, काठमाण्डौमा सम्पर्क गर्नु हुन अनुरोध गरिन्छ।

तिनाउ विकास बैंक लिमिटेड
Tinau Development Bank Limited
नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजत प्राप्त संस्था
केन्द्रीय कार्यालयः बुटवल-८, रुपन्देही
फोन नं. ०७१-५४५२०५/५४५५७६ फ्याक्सः ०७१-५४२८१२
E-mail: info@tinaubank.com Website: tinaubank.com
को

हकप्रद शेयर खरिद दरखास्त फाराम

सि.नं.

मार्फतः Siddhartha Capital Limited
मर्चेन्ट बैंकिङ कार्यालयः हनुमानस्थान भवन, (हनुमानथान मन्दिरको ठिक पछाडी) अनामनगर, काठमाण्डौ, फोन नं. ४२२६७९३/४२२६७९९ फ्याक्स नं. : ४२५७७६४ वेब साईटः www.siddharthacapital.com
पो.ब.नं. २१२००, तेस्रो तल्ला, सिद्धार्थ इन्स्योरेन्स भवन बबरमहल, काठमाडौं, फोन नं: ४२५७७६७/४२५७७६८

कोड नं. ☐☐☐

श्री संचालक समिति,
तिनाउ विकास बैंक लिमिटेड
बुटवल-८, रुपन्देही, नेपाल।

शेयरधनी नं./परिचय नं. ☐☐☐☐☐

हितग्राही खाता नं.	DP ID	Client ID

महाशय,

त्यस विकास बैंकबाट प्रकाशित "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" अनुसार मिति २०७२/११/१४ गतेका दिनसम्म मेरो/हाम्रो नाममा त्यस विकास बैंकको जम्मा .... कित्ता शेयर कायम रहेको र सो शेयरको शतप्रतिशत रकम चुक्ता भुक्तान भैसकेको हुँदा विकास बैंकले जारी गरेको चार शेयर बराबर एक शेयर (४ : १) को अनुपातमा .... कित्ता शेयर खरिद गर्ने हक मेरो/हाम्रो रहेकोमा .... कित्ता हकप्रद शेयर खरिद गर्न तथा हक हस्तान्तरणबाट प्राप्त भएको हक बराबर .... कित्ता शेयर गरी जम्मा .... कित्ता शेयर खरिद गर्ने इच्छा भएकोले प्रति शेयर रु.१००/- का दरले हुन आउने जम्मा रकम रु. .... (अक्षरेपी रु. ....) मात्र को भौचर ड्राफ्ट संलग्न गरि तल उल्लेखित विस्तृत विवरण सहित यो निवेदन पेश गरेको छु/छौं। त्यस विकास बैंकको नियमानुसार गर्न मेरो/हाम्रो मञ्जुरी भएकोले उल्लेखित शेयर पाउन अनुरोध गर्दछु/गर्दछौं।

हाल कायम शेयर संख्या		शेयर प्रमाण-पत्र नम्बर (हरु)	मितिः २०७२/ /
लिन चाहेको हकप्रद शेयर संख्या		हकप्रद शेयर वापत जम्मा गरेको रकम अंकमा	
हक हस्तान्तरण वापत प्राप्त भएको शेयर संख्या		हकप्रद शेयर वापत जम्मा गरेको रकम अक्षरमा	
कूल खरिद गर्न चाहेको शेयर संख्या			
रकम बुझाएको कम्पनीको नाम र ठेगाना		भौचर/ड्राफ्ट नं.	

निवेदकको पूरा नाम	नेपालीमा	श्री/श्रीमती/सुश्री/नावालक		
	In English	Mr./Mrs./Miss/Minor		USE CAPITAL LETTER
स्थायी ठेगाना	वडा/घर नं./टोल		गा.वि.स./न.पा.	
Address	Ward/House No./Tole		VDC/Municipality	
जिल्ला		E-Mail	नागरिकता प्रमाण-पत्र नं.	
District		P.O. Box No.	P.O. Box District.	
Contact Address सम्पर्क ठेगाना			Mobile/phone No.	
बाबुको नाम				
Father's Name				
बाजेको नाम				
Grandfather's/ Name				
पति/पत्नीको नाम				
संरक्षकको नाम (नाबालकको हकमा)				
Guardian's Name (Incase of minor)				

नोटः
१. साविक शेयरधनीले आफ्नो शेयरधनी परिचय नं. अनिवार्य रुपले उल्लेख गर्नु पर्नेछ।
२. धेरै शेयर प्रमाण-पत्रहरु भएमा छुट्टै सिटमा उल्लेख गरी यस दरखास्त फारामसाथ संलग्न गर्नु हुन अनुरोध छ।
३. संस्थापक समूहका शेयरधनीहरुले हकप्रद शेयर खरिदका लागि आवेदन दिंदा नेपाल राष्ट्र बैंकले जारी गरेको निर्देशन तथा प्रचलित कानूनमा भएको व्यवस्था अनुसार अनिवार्य रुपमा श्रोत खोल्ने विवरण पेश गर्नु पर्नेछ।
४. रितपूर्वक नभरिएका दरखास्त हकप्रद शेयर बाँडफाँडमा समावेश गरिने छैन।
५. आफ्नो हक हस्तान्तरण (renounce) गर्न चाहनु हुने शेयरधनीहरुले धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०६५ को अनुसूचि ६ को ढाँचा बमोजिमको निवेदनमा हक दिनेको दस्तखत प्रमाणित गरि दरखास्त फारामसाथ संलग्न गर्नु पर्नेछ।

यस दरखास्त फाराममा भरेको विवरणहरु पूर्ण रुपमा ठिक साँचो हो, यसमा कुनै फरक भएमा म निवेदक स्वयं जिम्मेवार हुनेछु।

निवेदकको दस्तखत
(Applicant's Signature)

- - - - - - - - - - - - - - - - - - - -

यो रसिद हराई अर्कले भुक्तानी लिई गएमा सो को जिम्मेवार निवेदक स्वयं हुनेछ।

मार्फतः Siddhartha Capital Limited

रसिद
दरखास्तवालाले भर्नुपर्ने

सि.नं.

शेयरधनी नं./परिचय नं. ☐☐☐☐☐

हितग्राही खाता नं.	DP ID	Client ID

Shareholder's Name					
Company's Name	TINAU BIKASH BANK LIMITED				
No. Of shares Applied		Call Money per Share	Rs.100	Amount Deposited	
Amount in Words					

For Official Use Only:
Received by:
Date:
Stamp
Code No. ☐☐☐

निवेदकको दस्तखत
(Applicant's Signature)

१) हकप्रद साधारण शेयरको रकम फिर्ता भुक्तानी/प्रमाण-पत्र लिन यो रसिद अनिवार्य रुपमा पेश गर्नुपर्नेछ। २) हकप्रद साधारण शेयर बाँडफाँडमा परेका शेयरधनीले शेयरको प्रमाण-पत्र बुझ्न आउँदा नेपाली नागरिकता प्रमाण-पत्रको प्रतिलिपि वा अन्य कुनै आधिकारिक परिचय-पत्रको प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नुपर्नेछ। ३) हकप्रद साधारण शेयरको रकम फिर्ता भुक्तानी/प्रमाण-पत्र लिन आउँदा आफु उपस्थित हुन नसक्ने अवस्थामा यो रसिदको पछाडी मञ्जुरीनामा दिने र लिने दुवैले दस्तखत गरी यो रसिद अनिवार्य रुपमा पेश गरी शेयरधनीको नागरिकता प्रमाण-पत्रको वा अन्य कुनै आधिकारिक परिचय-पत्रको प्रतिलिपिका साथै मञ्जुरीनामा प्राप्त गर्ने व्यक्तिको परिचय-पत्रको प्रतिलिपि समेत अनिवार्य रुपमा पेश गर्नुपर्नेछ।

धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धकः

Siddhartha Capital Limited
Investing happiness
पो.ब.नं. २१२००, तेस्रो तल्ला, सिद्धार्थ इन्स्योरेन्स भवन
बबरमहल, काठमाडौं, फोन नं.: ४२५७७६७/४२५७७६८

मर्चेन्ट बैंकिङ्ग कार्यालयः
हनुमानस्थान भवन, (हनुमानथान मन्दिरको ठिक पछाडी)
अनामनगर, काठमाण्डौ, फोन नं. ४२२६७९३/४२२६७९९
फ्याक्स नं. : ४२५७७६४
वेब साईटः www.siddharthacapital.com